परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily  राष्ट्रिय दैनिक

वर्ष : ४  अंक : १२  पृष्ठ ४  २०८२ कार्तिक १७ गते, सोमबार  03 November, 2025  मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जेनजी आन्दोलनमा
# कारागारबाट भागेर पीडितसँगै बिहे !






● टक नेपाल

सप्तरीमा प्रेम र अपराधको एउटा अनौठो संयोग चर्चामा छ। त्यो चर्चाको केन्द्रबिन्दुमा छन् महादेवा गाउँपालिका वडा नम्बर ४ घर भएका २४ वर्षीय शत्रुघन मुखिया।

जेनजी आन्दोलनका क्रममा कारागार कार्यालय सप्तरी, राजविराजबाट फरार भएका मुखिया केही सातापछि विवाह गरेर पुनः आफैं कारागार फर्किनुभयो।

मुखियाले नवविवाहिता दुलही भनेर कारागार जाँदा पीडित किशोरीलाई नै लिएर जानुभयो। यो साधारण घटना जस्तो लागे पनि सामाजिक र कानुनी दृष्टिले अत्यन्त जटिल छ। शत्रुघनले दुई वर्ष अघि एक किशोरीको बलात्कारको आरोपमा सप्तरी जिल्ला अदालतबाट १२ वर्ष कैद सजाय पाउनुभएको थियो।

त्यतिबेला पीडितका रुपमा उभिएकी किशोरीलाई नै श्रीमती भन्दै सार्वजनिक गर्नुभएको हो।

गत भदौ २५ गते कारागारबाट भागेका शत्रुघनले अर्को दिन भदौ २६ गते स्थानीय कमलामाई मन्दिरमा ज्योतिसँग विवाह गरेको दाबी गर्नुभएको हो। गाउँका भरभलादमीको रोहबरमा भएको विवाहपछि भएको उहाँको दाबी छ।

कारागार प्रशासनले २० असोजसम्म आत्मसमर्पण गर्न सूचना जारी गरेपछि उहाँ सोही दिन आफैं कारागार कार्यालय सप्तरीमा दुई वर्ष अघिकी पीडित किशोरीलाई लिएर आत्मसमर्पण गर्न पुग्नुभएको हो।

कारागार फर्किंदै गर्दा मुखियाले भन्नुभयो "हामी प्रेममा थियौं, जबरजस्ती करणी थिएन।" दुई वर्षअघि सप्तरी जिल्ला अदालतले जबरजस्ती करणीमा दोषी ठहर गर्दै शत्रुघनलाई १२ वर्ष कैद सजाय सुनाएको छ।

आफूहरुबीच प्रेम रहेको शत्रुघनको भनाइ छ। यता अदालतले बिहे गर्ने उमेर नपुगेको तथा पीडित पक्षको उजुरी तथा प्रहरी प्रतिवेदनको आधारमा जबरजस्ती करणी मुदामा सजाय तोकेपछि उहाँ जेल चलान हुनुभएको हो। अहिलेसमेत पीडित किशोरीको उमेर १९ वर्ष मात्र बताइएको छ। मुखियाले अहिले उच्च अदालत जनकपुर-राजविराज इजलाससमक्ष पुनरावेदन गरेको दाबी गर्नुभएको छ।

सुरुमा शत्रुघनका अभिभावकले प्रेम सम्बन्धलाई विवाहको रुप दिन अस्वीकार गर्दा आफ्ना अभिभावकले शत्रुघनविरुद्ध बलात्कारको आरोप लगाएर प्रहरीमा उजुरी दिएको किशोरीको भनाइ छ। अहिले पनि किशोरीका अभिभावकले विवाह स्वीकार गरेका छैनन्।

फरार भएर पनि शत्रुघन स्वेच्छाले कारागार फर्किनु सकारात्मक कदम भए पनि सजाय पूरा गर्न अझ करिब १० वर्ष बाँकी रहेको कारागार कार्यालय सप्तरीका प्रमुख गङ्गालाल योगीले बताउनुभयो।

मुलुकी ऐनले २० वर्ष उमेर नपुगी विवाह गर्न नपाइने व्यवस्था छ। फरक परिस्थितिमा अदालतले मानवीय दृष्टिकोणबाट पुनर्विचार गर्न सक्ने सम्भावना रहेको कानुन व्यवसायी सतीशकुमार दत्तले बताउनुभयो।

केटा र केटी दुवै पक्षका अभिभावक यसमा सकारात्मक हुनु जरुरी रहेको उहाँले सुझाव दिनुभयो।

## धनुषामा बसले अटोरिक्सालाई
# ठक्कर दिंदा ४ जनाको मृत्यु






● टक नेपाल

धनुषामा यात्रुबाहक बसले अटो रिक्सालाई ठक्कर दिँदा एकै परिवारका तीन सदस्यसहित चार जनाको मृत्यु भएको छ । अन्य दुईजना बालबालिका गम्भीर घाइते भएका छन् ।

विराटनगरबाट धनगढी जाँदै गरेको सु.प्र ०१-००१ ख ३२८८ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको प्रदेश २-०१-००१ ह १२३० नम्बरको अटो लाई शनिबार साँझ ठक्कर दिएको थियो ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिका वडा नं १ वीरेन्द्र बजारमा भएको सो दुर्घटनामा गणेशमान चारनाथ नगरपालिका १ भरतपुरका अन्दाजी ४० वर्षीय धनबहादुर पुर्वछाने मगर, ३५ वर्षीय शम्भु पुर्वछाने मगर, ३५ वर्षीया निशा मगर र अन्दाजी ४० वर्षीय अटोरिक्सा चालक डम्बर राईको मृत्यु भएको हो ।

उनीहरु एउटै परिवारका सदस्य रहेको र घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार दुर्घटनामा १४ वर्षका शीतल मगर र ९ वर्षका रोशन मगर गम्भीर घाइते छन् ।उनीहरूको जनकपुरधामस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ ।

दुर्घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### नयाँ पुस्ताको

## विद्रोह र नेतृत्वको खोज

देशले पछिल्ला डेढ दर्जन दिन इतिहासकै भयावह संकटको सामना गऱ्यो । जेनरेसन जेड (जेनजी) ले गरेको विद्रोह कुनै राजनीतिक चाल नभई असन्तुष्ट र निराश नागरिक भावनाको विस्फोट थियो । दशकौँदेखि एउटै अनुहारबाट शासन, असफल सुशासन र आत्मसम्मानको क्षयले नवपुस्तालाई सडकमा ल्यायो । तर, यो नभलगष्लभ आन्दोलनलाई पनि राजनीतिक स्वार्थले हाइज्याक गर्ने प्रयासले राष्ट्र अझ अन्योलमा फस्यो ।

अब देशको निकास लोकतान्त्रिक मार्गमै सम्भव छ । आगामी फागुन २१ को निर्वाचन नै त्यसका लागि निर्णायक अवसर हो । इतिहास साक्षी छ–हरेक आन्दोलनपछि एउटा सर्वस्वीकार्य नेतृत्व जन्मिएको छ । आज पनि नेपाललाई त्यस्तै दूरदर्शी, व्यवहारिक र सबै पक्षलाई जोड्न सक्ने नेतृत्व आवश्यक छ ।

यो जिम्मेवारी नेपाली कांग्रेसले लिनुपर्छ । लोकतान्त्रिक आन्दोलनको अग्रपंक्तिमा रहँदै आएको कांग्रेसले फेरि एक पटक राष्ट्रलाई निकास दिन अग्रसर हुनुपर्छ । पार्टीभित्रको नेतृत्व संकट समाधान गरी नवपुस्ताको भावना आत्मसात् गने, सहअस्तित्व र विद्रोही चेतसहितको मध्यमार्गी नीति अंगाल्ने समय यही हो । अब नेतृत्वले भाषण होइन, विश्वास दिलाउने काम गर्नुपर्छ । यही बाटोबाट मात्र नयाँ नेपालको मार्ग प्रशस्त हुनेछ ।

# सप्तरीमा बेमौसमी वर्षाले धानबालीमा अत्यधिक क्षति

● टक नेपाल



मधेश प्रदेशको सप्तरीसहितका जिल्लामा तीन दिनदेखिको निरन्तर वर्षाले पाकेको धानवबालीमा अत्यधिक क्षति भएको छ । भित्र्याउने तयारी अवस्थामा रहेको बेला धानबालीमा बेमौसमी वर्षाले क्षति पुगेको हो ।

महादेवा गाउँपालिका १ स्थित सोनराका रमेश मण्डलको पाँच कठ्ठा पाकेको धान काटेर खेतमा रहेको अवस्थामा वर्षाको डुबेपछि ठुलो क्षति भएको छ । वर्षाको पानीले हजारौं क्षति भएको मण्डलले दुःखेसो पोख्नुभयो ।

यस्तै, तिलाठी कोइलाडी गाउँपालिका ७ स्थित भगवानपुरका गुलाव रामको दस कठ्ठामा पाकेको धान काटेर खेतमा रहेको अवस्थामा वर्षाको डुबेपछि अत्यधिक क्षति भएको छ । वर्षाको पानीले लाखौं क्षति भएको रामले दुःखेसो पोख्नुभयो ।

सोही ठाउँका स्थानीय पीडित नित्यानन्द सिंहले वर्षाका कारण काटेर राखेको धान खेतमै डुबेर बर्बाद भएको बताउनुभयो । यस्तै, अर्का किसान राजकुमार यादवले धान पानीले भिजेपछि मेहनत र लगानी दुबै खेर गएको गुनासौ गर्नुभयो ।

बिहीबारदेखि सामान्य वर्षा भए पनि शुक्रबार रातिदेखि शनिबारसम्म निरन्तर मुसलधारे वर्षा भएको हुँदा धानबाली धेरै क्षति पुगेको दीपेन्द्र माझीले बताउनुभयो । निरन्तर वर्षाका कारण पाकेको धानबाली नष्ट हुँदा ठुलो मारमा परेको स्थानीय किसान बेचन यादवले बताउनुभयो । वर्षा आइतबार बिहानबाट रोकिएकाले किसानहरुको थप क्षति हुनबाट जोगिएको उहाँले बताउनुभयो ।

विषेशगरी छिटो पाक्ने कतरनी, साइठी, कान्छी लगायत धान भित्र्याउने समयमा पानीले क्षति पुऱ्याएको स्थानीय किसान शिवनारायण यादवले बताउनुभयो ।

"खेत पानीले भरिएको छ, एक–दुई दिनमै काटेर थन्क्याउने बेलाको धान पानीले सखाप पारिदियो ।", उहाँले भन्नुभयो, "अब वर्षभरि के खाने ? कसरी जीवन चलाउने, ठुलो समस्यामा पऱ्यौं ।" वर्षाले खेतबारी, करेसाबारीमा लगाएको तरकारी बालीहरु समेत नष्ट भएको स्थानीय किसान वासुदेव यादवले बताउनुभयो ।

जातका धानलाई सबभन्दा बढी वर्षाले क्षति पुऱ्याएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, बासमती, चनन्चुर, कान्छी लगायत जातका धान नपाके पनि बोट ढलेर डुबेका कारण उब्जनीमा यस वर्ष अत्यधिक कमी हुने अनुमान कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउत जानकारी दिनुभयो । काट्न तयार रहेको धान वर्षा र बाढीको पानी खेतमा पस्दा ठुलो नोक्सान भएको तिलाठी कोइलाडी ६ का अशोक यादवले बताउनुभयो । वर्षाले पाकेको धानलाई झार्नुका साथै बोट समेत ढलेर नष्ट भएको उहाँको भनाइ छ ।

# आठ पार्टी मिलेर बन्ने नेकपा समाजवादीको चुनाव चिह्न पाँचकुने तारा

● टक नेपाल



नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादीलगायत आठ पार्टी मिलेर बन्ने नेकपा समाजवादीको चुनाव चिह्न पाँचकुने तारा रहने भएको छ ।

आइतबार आठ पार्टीका नेताहरूले कात्तिक १९ गते पार्टी एकता घोषणा गर्ने १८ बुँदे सहमति गरेका छन् । सहमति पत्रमा माओवादीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका महेन्द्रराय यादव, जनसमाजवादी पार्टीका अध्यक्ष सुमनराज काफ्ले, नेकपा समाजवादीका अध्यक्ष राजु कार्की, विप्लव समूहका चिरन पुन, एमालेबाट अलग भएका प्रेमबहादुर सिंह र नेकपा माओवादी समाजवादीका कर्णजित बुढाथोकीले १८ बुँदे प्रस्तावमा हस्ताक्षर गरेका छन् ।

हस्ताक्षर गरेको सहमतिपत्रमा पार्टीको नाम खाली राखिए पनि चुनाव चिह्न पाँचकुने तारा रहने उल्लेख छ । एकीकृत पार्टीको केन्द्रदेखि वडातहसम्म संयोजक र सहसंयोजक हुनेछन् ।

आगामी ६ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने तथा पार्टीको मार्गनिर्देशक सिद्दान्त मार्क्सवाद लेलिनवाद हुने छ भने नेपाली क्रान्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुनेछ ।






# प्रदेश सुधारका ७ सूत्र

● टक नेपाल




गत असोज २९ गते यस पंक्तिकारको अनलाइनखबरमा प्रकाशित प्रदेश साँच्चै नचाहिएकै हो ? शीर्षक आलेखका सम्बन्धमा विभिन्न प्रतिक्रिया प्राप्त भए । अधिकांशले प्रदेश अनावश्यक संरचना रहेको भन्दै त्यस्ता बहसको कुनै सान्दर्भिकता नरहेको बताए । कतिपय पाठकले उक्त आलेखमा उल्लिखित प्रदेशका कार्यहरूको बारेमा सहमति जनाए । यद्यपि, प्रदेश संरचनालाई राख्नु उपयुक्त नहुने उनीहरूको दलिल थियो।

अत्यन्तै महँगो, कुशासनयुक्त, राज्यको स्रोत-साधनको दोहन गर्ने युनिटको रूपमा प्रदेश रहेकोले यसको खारेजीमा उनीहरूको जोड थियो । तथापि कतिपय पाठकले उक्त लेखमा सहमति जनाउँदै सकारात्मक प्रतिक्रिया दिएका थिए।

आवश्यक युनिट भएतापनि प्रदेशमा सुधार आवश्यक रहेको उनीहरूको जोड थियो। त्यस्ता पाठकले यस पंक्तिकारलाई प्रदेश सुधारका सूत्र के हुन सक्छन् ? भनी प्रश्न समेत गरेका थिए । यो आलेख उक्त प्रश्नकै सेरोफेरोमा तयार पारिएको छ।

२०७२ सालमा जारी भएको नेपालको संविधान मार्फत संघीय शासन प्रणाली अंगीकार गर्‍यो । यसले संघ, प्रदेश र स्थानीय गरी तीन तहको शासकीय संरचना तय गर्‍यो । वास्तवमा संघीयताको प्रमुख उद्देश्य भनेको तत्काल विद्यमान रहेको बहुआयामिक द्वन्द्वको व्यवस्थापन, अधिकार, स्रोत तथा साधनको अकेन्द्रीकरण, स्थानीय आवश्यकता अनुसार शासन सञ्चालन, सेवा वितरणमा सहजता र नागरिकको नजिकमा सरकार पुर्‍याउनु रहेको थियो ।

यद्यपि स्थापनादेखि नै प्रदेश संरचनालाई खर्चिलो र भद्दा संरचनाको रूपमा प्रस्तुत गर्दै यसको सान्दर्भिकता माथि गम्भीर प्रश्नहरू उठिरहेका छन् । सरकार गठन र विघटनमा संघको प्रत्यक्ष हस्तक्षेप हुने, सत्ता टिकाउन मनलाग्दी मन्त्रालय स्थापना गरी मन्त्री बनाउने, मनलाग्दी संरचना स्थापना गर्ने, स्थानीय तहका काममा दोहोरोपना हुने गरी योजना बनाउने र कार्यान्वयन गर्ने जस्ता धेरै विकृति प्रदेश तहमा झाँगिएको सत्य हो ।

त्यसैले कतिपयले प्रदेशलाई अनावश्यक खर्चिलो तह भनिरहेका छन् भने कसैले यसलाई राज्य सन्तुलन, समावेशिता र स्थानीय स्वशासनको सुदृढीकरण गर्ने महत्वपूर्ण अवसरको रूपमा लिने गरेका छन् । यस पृष्ठभूमिमा प्रदेशलाई सुदृढ, छरितो, मितव्ययी, सुशासनयुक्त र जनमुखी बनाउन निम्न सात सूत्रको कार्यान्वयन आवश्यक रहेको छ ।

१. प्रदेश सभाको आकारलाई सानो र छरितो बनाउनुपर्दछ । देशभरका सातवटै प्रदेशमा हाल प्रादेशिक सांसदको संख्या ५५० जना रहेका छन् । यो निकै ठूलो संख्या हो । प्रदेश सभामा यसको आधा वा सोभन्दा पनि कममा झार्नुपर्दछ ।

प्रादेशिक सांसदहरूको संख्या घटाउँदा एकातर्फ खर्च घट्दछ भने अर्कोतर्फ संसदीय सञ्चालन जटिलता तथा प्रतिनिधित्वका सन्दर्भमा भइरहेका दोहोरोपना अन्त्य हुनेछ । यसैगरी सानो, छरितो प्रदेश सभाले निर्णय प्रक्रियालाई छरितो बनाउन समेत योगदान गर्दछ । यद्यपि प्रदेश सभाको संख्या घटाउँदा त्यसमा महिला, दलित, जनजाति, लगायतका लागि समावेशिताको सुनिश्चिततामा भने ध्यान दिइनुपर्दछ ।

२. प्रादेशिक मन्त्रालय र मन्त्रिपरिषद्को आकार र संख्याको अधिकतम सीमा तोकिनुपर्दछ । हाल प्रदेशहरूले मनलाग्दी मन्त्रालय र मन्त्री बनाउने अभ्यासले प्रदेश तह प्रतिको दृष्टिकोणलाई नकारात्मक बनाएको छ ।

यसलाई मुख्यमन्त्री सहित बढीमा ५ जनाको मन्त्रिपरिषद् र बढीमा चार वटा मन्त्रालयमा मात्र कायम गर्ने गरी प्रदेशको मन्त्री, मन्त्रालय र मन्त्रिपरिषद्को अधिकतम सीमा तोकिनुपर्दछ । यसरी मन्त्रालयको संख्या घटाउँदा प्रशासनिक खर्च खटौती हुन्छ भने प्रशासनिक दोहोरोपनाको अन्त्य हुन्छ ।

प्रदेश सभाको संख्या घटाउँदा त्यसमा महिला, दलित, जनजाति, लगायतका लागि समावेशिताको सुनिश्चिततामा भने ध्यान दिइनुपर्दछ ।

मन्त्रिपरिषद् सानो हुँदा निर्णय प्रक्रिया छिटो, छरितो र जिम्मेवारी स्पष्ट हुन्छ । यसले राजनीतिक स्थायित्वमा पनि योगदान गर्न सक्दछ । साथै, मन्त्रीले अनावश्यक सचिवालय र सल्लाहकार नराख्ने गरी मापदण्ड तय गरिनुपर्दछ ।

३. अनावश्यक किसिमका प्रदेशस्तरीय कार्यालय, संरचनाहरूको खारेज गरिनुपर्दछ । जसमा प्रदेशभित्रका केही संरचनाहरू अनावश्यक रहेका छन् । प्रादेशिक नीति तथा योजना आयोग अनावश्यक संरचना हो ।

संघीय तहमै योजना आयोगको सान्दर्भिकता माथि प्रश्न उठिरहेको सन्दर्भमा प्रदेशमा यस किसिमको आयोग अनावश्यक रहेको छ । यसैगरी प्रदेश तहले स्थानीय तहका काममा दोहोरो पर्ने गरी जिल्ला तह तथा स्थानीय तहमा धेरै कार्यालयहरू स्थापना गरेको छ । यस्ता कार्यालयहरूको खारेजी गरिनुपर्दछ ।

यस्तो काम स्थानीय तहलाई नै हस्तान्तरण गरिनुपर्दछ । प्रदेशस्तरका संरचनाहरूलाई खारेजी तथा हस्तान्तरण गर्दा स्रोतको बचत हुनेछ र स्थानीय तहसँगको समन्वय र सहकार्य झन् सबल भएर जानेछ ।

४. एउटा मात्र स्थानीय तहमा सञ्चालन हुने कुनै पनि योजना तथा कार्यक्रम प्रदेश तहले सञ्चालन नगर्ने स्थानीय तहलाई हस्तान्तरण गर्ने प्रणालीको विकास गरिनुपर्दछ । प्रदेशले दुई वा दुईभन्दा बढी स्थानीय तहलाई समेट्ने योजना तथा कार्यक्रम मात्र सञ्चालन गर्ने गरी स्पष्ट कार्यविभाजन गरिनुपर्दछ ।

यसले हालको कार्यक्रम तथा योजनामा विद्यमान दोहोरोपना हटाउन र शासनको सन्दर्भमा स्थानीय तह र प्रदेश तहको बीचमा जिम्मेवारीलाई थप स्पष्ट बनाउन योगदान गर्नेछ । यसले एकातर्फ विकास योजनाको काममा स्थानीय सहभागितालाई वृद्धि गर्दछ भने अर्कोतर्फ प्रदेशलाई समन्वय र निगरानी गर्ने युनिटको रूपमा विकास गर्नेछ ।

५. भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता, पारदर्शिता र सुशासन प्रवर्द्धन गरिनुपर्दछ । प्रदेश तहको सुधारको लागि यो सबैभन्दा महत्वपूर्ण सवाल हो । प्रदेश तहले आफू र आफ्ना मातहतका निकायहरूमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा प्रभावकारी ढंगले काम गर्नुपर्दछ ।

यसको लागि खुल्ला बजेट र खर्च प्रणालीलाई सुनिश्चित गरिनुपर्दछ । जसमा प्रदेश अन्तर्गतका सम्पूर्ण मन्त्रालय, कार्यालय तथा कार्यक्रमहरूको खर्च सोही समयमा अनलाइन मार्फत सार्वजनिक गरिने प्रणाली अवलम्बन गरिनुपर्दछ ।

यसैगरी प्रदेशका सम्पूर्ण कार्यालयहरूमा नियमित रूपमा सामाजिक जवाफदेहिताका संयन्त्रहरूको तेस्रो पक्षबाट सञ्चालन गर्ने, नागरिक, आम सञ्चारमाध्यम तथा नागरिक समाजलाई प्रादेशिक गतिविधिहरूमा निगरानी गर्ने कार्यमा सहभागी गराउने कार्य प्रभावकारी ढंगले गरिनुपर्दछ । तत्काल प्रादेशिक सदाचार नीति बनाई लागू गर्ने र भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा प्रवर्द्धनात्मक कार्यहरू गरिनुपर्दछ ।

६. प्रदेशले आफ्नो आर्थिक आधार मजबुत बनाई वित्तीय संघीयताको सुदृढीकरण गरिनुपर्दछ । यसको लागि प्रदेशले आत्मनिर्भर राजस्व स्रोतको पहिचान गर्नुपर्दछ । यसमा स्थानीय कर, प्राकृतिक स्रोत, पर्यटन तथा सार्वजनिक निजी साझेदारी लगायत क्षेत्रका सम्भावित करका स्रोतहरूको खोजी गरी आत्मनिर्भर आर्थिक आधार तयार गरिनुपर्दछ ।

यसैगरी आर्थिक हस्तान्तरण र अनुदान प्रणाली सम्झौतामा आधारित बनाउने, खर्च नियन्त्रण तथा बजेट विश्वसनीयतामा सुधार ल्याउने, अनावश्यक खर्च निर्ममताका साथ कटौती गर्ने, सेवा वितरणलाई प्रभावकारी बनाउने लगायत कार्य गरिनुपर्दछ ।

७. आर्थिक स्वायत्तता र राजस्व सशक्तीकरण गर्दै प्रदेश सरकारको शक्ति बढाउने कार्य गरिनुपर्दछ । जसमा प्रदेश सरकारले निजी तथा समुदायसँग साझेदारी गरेर स्थानीय उद्यम, कृषि प्रसाधन, साना तथा मध्यम उद्यममा लगानी प्रवर्द्धन गर्नुपर्दछ । यसले एकातर्फ रोजगारीका अवसर बढाउँदछ भने अर्कोतर्फ प्रदेशको आम्दानी समेत वृद्धि गर्दछ ।

स्थानीय कर, प्राकृतिक स्रोत, पर्यटन तथा सार्वजनिक निजी साझेदारी लगायत क्षेत्रका सम्भावित करका स्रोतहरूको खोजी गरी आत्मनिर्भर आर्थिक आधार तयार गरिनुपर्दछ ।

प्रदेश तहको बजेट वितरणमुखी भन्दा पनि निजी र समुदायको लगानी आकर्षित गर्ने आयोजना बनाउनुपर्दछ । जसमा संविधानले दिएको अधिकार उपयोग गर्दै पर्यटन, कृषि प्रशोधन तथा जलस्रोत उपयोग गर्ने गरी बजेट बनाउनुपर्दछ । प्रदेश सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुपर्दछ । यसले रोजगारी सृजना तथा आर्थिक गतिशीलता बढाउन योगदान गर्दछ ।

प्रदेशमा उत्पादित सामग्रीहरूलाई अन्य प्रदेश तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच विकासमा प्रदेश सरकारले काम गर्नुपर्दछ । यदि प्रदेशले आफ्नो आर्थिक स्वायत्ततालाई सबल र सुदृढ बनाउन सक्यो भने संघीय तथा प्रादेशिक संरचनामा रहेको असन्तुलन कम हुनेछ र समावेशी विकासलाई गति दिनेछ । यसले प्रदेश प्रति उठेका गुनासा तथा आक्रोशलाई पनि घटाएर लैजानेछ ।

अन्त्यमा, अत्यन्तै सामान्य देखिने माथि उल्लिखित सात सूत्रले प्रदेश सरकारलाई आवश्यकता विनाको ठूलो र भद्दा संरचनाबाट छरितो, सरल, प्रभावकारी र जवाफदेही शासन संरचनाको रूपमा रूपान्तरण गर्न योगदान गर्नेछ ।

यसले एकातर्फ प्रदेश सरकार प्रतिको आम नागरिकको दृष्टिकोण सकारात्मक बनाउँदछ भने अर्कोतर्फ तीनै तहका सरकार बीचको सन्तुलन कार्यम गर्ने, स्रोतको सदुपयोग गने, भ्रष्टाचार नियन्त्रण तथा सुशासन स्थापनामा पनि योगदान गर्दछ । प्रदेशलाई चुस्त, स्फूर्त, पारदर्शी र आर्थिक रूपमा सबल बनाउने हो भने प्रदेश आवश्यकता छैन भन्ने आवाज उठ्न आफैं रोकिनेछ ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं,
पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

सोनमा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.



हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

# बर्दाहीमा किशोरीको शव फेला

• टक नेपाल

सप्तरीको राजगढ गाउँपालिका -६ बर्दाहीमा १५ वर्षीया एक किशोरी झुण्डिएको अवस्थामा मृत फेला परेकी छन् ।

सिरहाको भगवानपुर गाउँपालिका -२ गमरिहा घर भएकी नेहा मण्डल मामा सुनिल मण्डलको घरमा बस्दै आएकी थिइन् । आइतवार बिहान करिब ८ बजे नेहा मण्डललाई घरभित्र बाँसको बलोमा सलको पासो लगाएर झुण्डिएको अवस्थामा फेला पारिएको प्रहरी चौकी झुटकीले जनाएको छ ।

घटनाबारे सूचना प्रहरी चौकी झुटकीमा पुगेपछि प्रहरी नायब निरीक्षकको कमाण्डमा टोली घटनास्थल पुगेको थियो । प्रहरीले स्थल सुरक्षित गरी प्रारम्भिक अनुसन्धान अघि बढाएको जनाएको छ ।

थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय कल्याणपुरबाट प्रहरी निरीक्षकको कमाण्डमा एसओसीओ सहितको टोली घटनास्थलमा खटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो ।

### औरही नगरपालिकामा

## अस्थायी तथा करार सेवाका कर्मचारीको सम्झौता रद्द




• टक नेपाल

औरही नगरपालिकाले अस्थायी तथा करार सेवामा कार्यरत सबै कर्मचारीहरूको सम्झौता रद्द गरेको छ। संघीय सरकारको निर्देशनअनुसार नगरपालिकाले कार्तिक १७ गते सोमबारदेखि लागू हुने गरी सम्झौता रद्द गरिएको जानकारी गराएको हो।

संघीय मन्त्रिपरिषद्को असोज ५ गते बसेको बैठकले संघीय, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दीबाहेक अस्थायी वा करारमा कर्मचारी नियुक्ति नगर्ने निर्णय गरेको थियो। उक्त निर्णय कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले असोज ८ गते र अर्थ मन्त्रालयले असोज ७ गते परिपत्र जारी गरी अस्थायी तथा करार कर्मचारीको सम्झौता रद्द गर्न निर्देशन दिएको थियो।

सोही परिपत्रको पालना स्वरूप औरही नगरपालिकाले पनि स्वीकृत दरबन्दी बाहेकका अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको नियुक्ति र सम्झौता कार्तिक १७ गतेदेखि प्रभावकारी हुने गरी रद्द गरिएको जनाएको छ।

### मधेसका ११ मन्त्रालयको जिम्मेवारी

# मुख्यमन्त्रीकै काँधमा, कसरी चल्दैछन् मन्त्रालय ?

• टक नेपाल




मधेस प्रदेश सरकारले पूर्णता पाउन नसक्दा विभिन्न मन्त्रालयका कामकाज प्रभावित भएका छन् । मुख्यमन्त्री जितेन्द्र सोनलले हाल ११ मन्त्रालयको जिम्मेवारी आफैँसँग राखेका छन् ।

तीन सदस्यीय मन्त्रिपरिषदमा महेश प्रसाद यादव र कनिश पटेल विनाविभागीय मन्त्री छन् । मन्त्रिपरिषद् विस्तारपछि मात्र सबै मन्त्रीको जिम्मेवारी एकसाथ तोक्ने मुख्यमन्त्री सोनलको तयारी छ ।

हाल सबै मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले नै सम्हालेका कारण नीतिगत निर्णय तत्काल लिनुपर्ने कतिपय काम प्रभावित भएको मन्त्रालयका कर्मचारीहरू बताउँछन् ।

मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता प्रविण प्रताप अधिकारीका अनुसार मन्त्री नहुँदा केही नीतिगत निर्णयमा समस्या हुने गरेको छ । मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले सम्हालेको भए पनि विभागीय मन्त्री हुँदा र नहुँदा स्वाभाविक रूपमा फरक पर्ने उनको भनाइ छ ।

'मुख्यमन्त्रीले सबै मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आउनु भएको छ,' उनले भने, 'एक जनाले एउटा मन्त्रालय हेर्ने गरी जिम्मेवारी तोकिने ठाउँमा एकै जनाले सबै मन्त्रालयको जिम्मेवारी सम्हाल्न गाह्रो त भइहाल्छ ।' यद्यपि अत्यावश्यक काम पर्दा मुख्यमन्त्रीलाई भेटेर बाधा फुकाउने गरिएको उनको भनाइ छ ।

हालै चाडपर्वका कारण केही दिन बिदा भएकाले पनि खासै प्रभाव नपरेको प्रवक्ता अधिकारीले बताए । अब केही दिनमै मन्त्रिपरिषद् विस्तार हुने भएकाले मन्त्रालयका कामकाजमा खासै प्रभाव नपने ' उनको भनाइ छ । अघिल्ला निर्देशनअनुसारका काम विभिन्न जिल्लामा भइरहेको जानकारी दिँदै उनले नयाँ योजना र नीतिगत निर्णयका सम्बन्धमा केही अलमल भएको प्रस्ट पारे ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता डा. सरोज चौधरीले नयाँ सरकार गठनपछि केही नियमित प्रशासनिक कार्य चलिरहे पनि मन्त्रीविहीन अवस्थाले नीतिगत काम अघि बढाउन कठिनाइ भएको बताए । उनले भने, 'मन्त्री नहुँदा किसानसँग सम्बन्धित आकस्मिक समस्या समाधानका विषयमा सचिवस्तरमा काम भइरहेको छ, तर नयाँ योजना र कार्यक्रमहरू मन्त्री आएपछि मात्रै अगाडि बढाइनेछ ।'

दुई मन्त्री कामविहीन

जनमत पार्टीबाट विनाविभागीय मन्त्रीको रूपमा शपथ लिएका महेश प्रसाद यादवले मन्त्रालयको टुङ्गो नलागेकाले आफू कामविहीन भएको बताए ।

क्याबिनेट बैठक बस्नुपर्दा सहभागी हुन बाहेक अन्य कुनै औपचारिक काम गर्न नसकेको उनको भनाइ छ । उनले भने, ' पर्वको समय भएकाले पनि खास काम गर्न सकिएन । अहिले मन्त्रिपरिषद् विस्तारको कुरा चलिरहेको छ । मन्त्रालयको टुङ्गो लागेपछि मात्रै नयाँ काम सुरु गर्नेछौं ।'

त्यस्तै, नेकपा एकीकृत समाजवादीबाट मन्त्री बनेका कनिश पटेलले पनि अहिले कामविहीन अवस्थामै बस्नुपरेको बताए । उनका अनुसार क्याबिनेट बैठक दुई पटक बस्यो ।

क्याबिनेट बैठकमा सहभागी हुन बाहेक अरु काम आफूले गर्न नपाएको उनको भनाइ छ । मन्त्रालयको जिम्मेवारी नतोकिएका कारण आफूले अहिले कुनै काम नपाएको उनले प्रस्ट पारे ।

उनले भने, 'अहिले पर्वको माहोल पनि छ । त्यसैले भेटघाट र औपचारिक कार्यक्रममै समय बितिरहेको छ ।'










अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विषयका विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014